# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

# छैठौं वार्षिक साधारण सभा

मिति : २०७१ साल मसिर ६ गते शनिवार

(तदअनुसार २२ नोभेम्बर, २०१४)

## निर्णय पुस्तिका (माईन्यूट)

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड
## छैठौं वार्षिक साधारण सभा

### काम कारबाहीको विवरण (माइन्युट)

(१) **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको छैठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री बानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय**

मिति : २०७१ साल मंसिर ६ गते शनिबार (नोभेम्बर २२, २०१४)
समय : बिहान १० : ३० बजे
स्थान : एभरग्रीन पार्टी प्यालेस, तम्घास, गुल्मी ।

(३) **सभाको सूचना जारी**

(क) यस बैंकको मिति २०७१ साल कार्तिक ११ गतेका दिन बसेको सञ्चालक समितिको १२६औं बैठकले निर्णय गरेबमोजिम बैंकको छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उपनियम (३) अनुसार मिति २०७१ कार्तिक १३ गते र २०७१ कार्तिक १४ गते क्रमशः अभियान राष्ट्रिय दैनिक र नागरिक राष्ट्रिय दैनिक पत्रिकामा गरी २ पटक सूचना प्रकाशित गरिएको छ ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा छैठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु**

(क) **साधारण प्रस्तावहरु**

(१) सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ साल आषाढ मसान्तको वासलात र मिति २०७०/०४/०१ गते देखि २०७१/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने ।

(ख) **विशेष प्रस्तावहरु**

(१) बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १२ प्रतिशतले हुने रकम रु. ६,१०,१०,५५२/- नगद लाभांश तथा १० प्रतिशतले हुने रकम रु. ५,७५,७५,५०० /- बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने ।

(३) शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड तथा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागी समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्ने, सम्पती तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(४) शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड तथा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ती/समाहित (एक्वजिशन) प्रयोजनका लागी समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्ने, सम्पती तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्ने परामर्शदाता, मूल्यांकनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित अन्य आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(५) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक थपघट, परिमार्जन, संशोधन तथा लच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

(ग) विविध

(५) सभामा उपस्थिति

५.१ सञ्चालकहरुको उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| २. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | सञ्चालक | उपस्थित |
| ३. | श्री भुवन भण्डारी | सञ्चालक | उपस्थित |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | सञ्चालक | उपस्थित |
| ५. | श्री दिलीपराज माथ्वे | सञ्चालक | उपस्थित |
| ६. | श्री मोहन चापागाईं | सञ्चालक | उपस्थित |
| ७. | श्री डिल्लीराज भुसाल | सञ्चालक | उपस्थित |
| ८. | श्री गोपालप्रसाद पाण्डे | सञ्चालक | उपस्थित |

५.२ पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति

| | | |
|---|---|---|
| १. | पर्यवेक्षक, श्री विनोद पौडेल | - श्री नेपाल धितोपत्र बोर्ड |
| २. | आमन्त्रित, श्री कविन्द्रध्वज जोशी | - श्री प्रोमोर मर्चेन्ट बैंकर लिमिटेड |
| ३. | आमन्त्रित, श्री भीम बञ्जारा | - कानुनी सल्लाहकार |

५.३ बैंक पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री सार्जन भट्टराई | नायब महाप्रबन्धक |
| ३. | श्री हुमनाथ ज्ञवाली | प्रबन्धक |
| ४. | श्री लालमणी पन्थी | सहायक प्रबन्धक |

५.४ शेयरधनीहरुको उपस्थिति

१ संस्थापक समूहको स्वयं उपस्थित ३५ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १७,९०,३०२ र प्रोक्सी दिने ३९ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १६,०२,९०८ गरी कुल ७४ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको शेयर संख्या ३३,९३,२१० कित्ता।

२. सर्वसाधारण शेयरधनीबाट स्वयं उपस्थित ७१ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या १,१६,६१२ र प्रोक्सी दिने ३२८ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ४,०७,६२४ गरी कुल ४०२ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको शेयर संख्या ५,२४,२३६ कित्ता।

३. कुल उपस्थित शेयर संख्या ३९,१७,४४६ कित्ता।

४. शेयरको कुल उपस्थिति प्रतिशत ६८.०४ प्रतिशत।

## (६) सभाको गणपूरक संख्या

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या ५७,५७,५४६ | ३९,१७,४४६ | १०६ | ३६७ | ४७३ | ६८.०४ % |

कम्पनीको कुल शेयर ५७,५७,५४६ कित्ता मध्ये १९,०६,९१४ शेयर कित्ताका १०६ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र २०,१०,५३२ शेयर कित्ताका ३६७ जना शेयरधनीहरु प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयरको ६८.०४ प्रतिशतको प्रतिनिधित्व रहेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो।

## (७) सभाको वैधानिकता

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान १०:३० बजेसम्म कुल शेयर संख्या ५७,५७,५४६ कित्ताको ३९,१७,४४६ शेयर अर्थात ६८.०४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो। सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो।

## (८) सभाको अध्यक्षता

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो। साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सबैलाई आ-आफ्नो स्थानबाट आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो।

(९) **छैठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

९.१ **छैठौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७०/७१ को सञ्चालक समितिको प्रतिवेदन छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

त्यसपछि अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्त सम्मको रु. ५,७२,६२,६६,०८८/०१ को पुँजी/दायित्व तथा जायजेथा भएको वासलात, रु. ६१,१६,६३,७३०/६८ कुल सञ्चालन आम्दानी, रु. ४४,९५,२०,३१४/२९ कुल खर्च (आयकर तथा कर्मचारी बोनस समेत) आ.व. २०७०/७१ को नाफा-नोक्सान हिसाब तथा साधारण जगेडा कोष वापत रु. ३,२५,७४,९८८/- छुट्याई बाँकी रहेको संचित मुनाफा समेत उपयोग गरी रु. ६,९०,९०,५५२/- बराबर बोनश शेयर र रु. ५,७५,७५,५००/- बराबरको नगद लाभांश प्रयोजनलाई छुट्याएपछिको संचित मुनाफा रु. १,३७,९३,४९९/८६ वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ४२,४८,०४,२५३/७९ भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा-नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(१०) **छलफलको लागि आव्हान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको छैठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७०/७१ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

(११) **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका मन्तव्य**

सभामा देहाय बमोजिमका शेयरधनीहरुले जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो :

११.१ श्री टंकेश्वर खनाल
११.२ श्री नन्दराम भुसाल
११.३ श्री डिल्लीराज बेल्बासे
११.४ श्री तारा प्रसाद भुसाल
११.५ श्री पदम प्रसाद श्रेष्ठ
११.६ श्री दुर्जेन्द्र बस्नेत
११.७ श्री भुवनेश्वर प्रसाद भण्डारी
११.८ श्री विरेन्द्र भुसाल
११.९ श्री बालकृष्ण चापागाई
११.१० श्री लेखनाथ खरेल
११.११ श्री द्वारिका प्रसाद श्रेष्ठ
११.१२ श्री कृष्ण प्रसाद पन्थी

शेयरधनी महानुभावहरुले राय सल्लाह, सुझाव तथा जिज्ञासा देहाय बमोजिम रहेको थियो ।

- बैंकको सफलता प्रति व्यवस्थापन प्रति आभार व्यक्त गर्दै सोको निरन्तरताको अपेक्षा ।
- मर्जर/एक्वीजिशन सम्बन्धमा व्यवस्थापनको धारणा ।
- आफ्नो स्व: प्रयोजनको भवन निर्माण सम्बन्धमा धारणा ।

उल्लेखित जिज्ञासाहरु उपर बैंकका अध्यक्ष श्री धनेश्वर पौडेल तथा प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव श्री प्रकाश पौडेलले जवाफ दिनु भएको थियो ।

(१२) सभाको निर्णय

(क) साधारण प्रस्ताव

१ सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२ लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ आषाढ मसान्तको वासलात र मिति २०७०/०४/०१ गतेदेखि २०७१/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गरिदिन गरिएको प्रस्तावलाई सभाबाट ताली बजाई सर्वसम्मतीले पारित गरियो ।

३ कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७१/०७२ को लेखापरीक्षण गर्न बैंकको लेखापरीक्षण समितिले गरेको सिफारिस बमोजिम बाह्य लेखापरीक्षकमा श्री एच.काफ्ले एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेन्ट श्री हेमकुमार काफ्लेलाई नियुक्ती गर्न र निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर समेत वार्षिक रकम रु. १,३०,०००/- (एक लाख तीस हजार रुपैया मात्र) भुक्तान गर्नेगरी नियुक्त गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

(ख) विशेष प्रस्ताव

**१. बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने**

बैंकले आर्थिक वर्ष २०७०/७१ को नाफाबाट १२ प्रतिशतले हुने रकम रु. ६,९०,९०,५५२/- (छ करोड नब्बे लाख नब्बे हजार पाँच सय बाउन्न रुपैया मात्र) नगद लाभांश र १० प्रतिशतका दरले हुने रकम रु. ५,७५,७५,५००/- (पाँच करोड पचहत्तर लाख पचहत्तर हजार पाँच सय मात्र) बराबरको बोनश शेयर वितरण गरी पूँजी वृद्धि गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो । सोका लागि प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय समेत गरियो ।

**प्रबन्धपत्रको संशोधन तर्फ**

**दफा ६ (ख)** : विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६३,३३,३०,१००/- (त्रिसठ्ठी करोड तेतिस लाख तीस हजार एक सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ६३,३३,३०१ (त्रिसठ्ठी लाख तेतिस हजार तीन सय एक) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** : विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६३,३३,३०,१००/- (त्रिसठ्ठी करोड तेतिस लाख तीस हजार एक सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ६३,३३,३०१ (त्रिसठ्ठी लाख तेतिस हजार तीन सय एक) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १२ प्रतिशतले हुने रकम रु ६,९०,९०,५५२/- (छ करोड नब्बे लाख नब्बे हजार पाँच सय बाउन्न मात्र) नगद लाभांश र १० प्रतिशतले हुने रकम रु ५,७५,७५,५००/- (पाँच करोड पचहत्तर लाख पचहत्तर हजार पाँच सय मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड तथा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनका लागी समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्ने, सम्पत्ती तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्यांकनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

४. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड तथा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ती/समाहित (एक्वजिशन) प्रयोजनका लागी समझदारीपत्र (MoU) मा हस्ताक्षर गर्ने, सम्पती तथा दायित्वको मुल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्यांकनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित अन्य आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

५. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने तथा उक्त संशोधनमा नियमकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

(ग) **विविध** : विविध अन्तर्गत कुनै विषयवस्तु नभएको ।

(१३) **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुर्‍याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानुनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २.३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..................
श्री प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

..................
श्री धनेश्वर पौडेल
अध्यक्ष

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

**<u>प्रबन्ध-पत्रमा गरिएको संशोधन तथा थप (तीन महले)</u>**

| साबिकको व्यवस्था | हालको (संशोधित) व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **दफा ६ बैंकको पूँजीको संरचना**<br>विकास बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ | **दफा ६ बैंकको पूँजीको संरचना**<br>विकास बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ | |
| दफा ६ (ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ५७,५७,५४,६००/- (रु. सन्ताउन्न करोड सन्ताउन्न लाख चौवन्न हजार छ सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ५७५७५४६ (सन्ताउन्न लाख सन्ताउन्न हजार पाँच सय छयालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | दफा ६ (ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६३,३३,३०,१००/- (रु. त्रिसठ्ठी करोड तेत्तिस लाख तीस हजार एक सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ६३,३३,३०१ (त्रिसठ्ठी लाख तेत्तिस हजार तीन सय एक) थान साधारण शेयरमा विभाजन गरिएको छ । | १० प्रतिशत बोनस शेयर वितरण पश्चात पूँजी वृद्धि हुने भएकाले । |
| दफा ६ (ग) विकास बैंकको चुक्ता पूँजी रु. ५७,५७,५४,६००/- (रु. सन्ताउन्न करोड सन्ताउन्न लाख चौवन्न हजार छ सय मात्र) हुनेछ । | दफा ६ (ग) विकास बैंकको चुक्ता पूँजी रु. ६३,३३,३०,१००/- (त्रिसठ्ठी करोड तेत्तिस लाख तीस हजार एक सय रुपैया मात्र) हुनेछ । | १० प्रतिशत बोनस शेयर वितरण पश्चात पूँजी वृद्धि हुने भएकाले । |

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

### प्रबन्धपत्रमा भएको संशोधन

दफा ६ — विकास बैंकको पुँजीको संरचना : विकास बैंकको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :

दफा ६ (ख) — विकास बैंकले तत्काल जारी गर्ने शेयर पुँजी रु. ६३,३३,३०,१००/- (रु. तिरसट्ठी करोड तेत्तिस लाख तीस हजार एक सय रुपैया मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००/- दरले ६३,३३,३०१ (तिरसट्ठी लाख तेत्तिस हजार तीन सय एक) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग) — विकास बैंकको चुक्ता पुँजी रु. ६३,३३,३०,१००/- (तिरसट्ठी करोड तेत्तिस लाख तीस हजार एक सय रुपैया मात्र) हुनेछ ।